प्रस्तावहरु

१. समिक्षा तथा निर्णय अनुमोदन सम्बन्धमा ।

२. बजेट, नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।

३. विनियोजन विधेयक पारित सम्बन्धमा ।

४. आर्थिक विधेयक पारित गर्ने सम्बन्धमा ।

५. मध्यकालिन खर्च संरचना पारित गर्ने सम्बन्धमा ।

६. कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९ जारी गर्ने सम्बन्धमा ।

७. बिशेष आर्थिक क्षेत्रको निर्माण सम्बन्धमा ।

८. सरकारी, सार्वजानिक, ऐलानी, पर्ती, गौचर जग्गाको संरक्षण सम्बन्धमा ।

९. ब्याबसाय दर्ता/नविकरण सम्बन्धमा ।

१०. संघ, संस्था, सहकारी सूचिकृत सम्बन्धमा ।

११. उच्च स्तरीय शैक्षिक सुधार कार्यदल गठन गर्ने सम्बन्धमा ।

१२. सार्वजनिक लेखा, विधायन र सुशासन समिति गठन सम्बन्धमा ।

१३. करारसेवामा कार्यरत कर्मचारीहरु ब्यबस्थापन सम्बन्धमा ।

१४. अस्थायी कर्मचारीहरुको ब्यबस्थापन सम्बन्धमा ।

१५. कर, दस्तुर, शुल्क लागु गर्ने सम्बन्धमा ।

१६. ऐन, नियम, नियमावली, उपनियम, कार्यविधि तर्जुमा सम्बन्धमा ।

१७. पदाधिकारी सुविधा सम्बन्धमा ।

१८. संचार खर्च तथा इन्धन सम्बन्धमा ।

१९. कर्मचारीको तलब बृद्धी सम्बन्धमा ।

निर्णयहरु (२०७९/०३/०९)

१. गाउँपालिका स्थापनाकाल देखि हालसम्मको गरी साथ संलग्न अनुसूची बमोजिमको गाउँसभा र कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको समिक्षा भयो । उल्लेखित निर्णयहरु अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो । गाउँसभा र कार्यपालिकाको निर्णयलाई आगामी दिनमा थप प्रभावकारी कार्यान्वयनको ब्यवस्था मिलाउने निर्णय गरियो ।

२. आ.ब. ०७९/८० बजेट, नीति तथा कार्यक्रम पारित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

३. विनियोजन विधेयक, २०७९ पारित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

४. आर्थिक विधेयक, २०७९ पारित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

५. मध्यकालिन खर्च संरचना पारित गर्ने सर्वसहमतिले निर्णय गरियो ।

६. आ.ब. ०७९/०८० को बजेट कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउन कार्यपालिका बैठकबाट २०७९ श्रावण महिना भित्रमा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९ जारी गर्ने निर्णय गरियो ।

७. नेपाल सरकारको आ.ब. ०७९/०८० को बजेट बक्तब्यको बुंदा नं ६१ मा प्रदेश नं १ को सुनसरीमा बिशेष आर्थिक क्षेत्रको निर्माण कार्य प्रारम्भ गरिनेछ भनी उल्लेख रहेको । भोक्राहा नरसिंह गाउँपालिका सुनसरीको वडा नं-४ मा नेपाल बिद्युत प्राधिकरणको ४४०/२२०/१३२/१३३ के.भी. सब स्टेशन निर्माण भइ रहेको, उक्त स्टेशन वरीपरीमा बिशेष आर्थिक क्षेत्रको निर्माण हुँदा बिद्युत आपूर्तीको लागि पनि सहज हुने अवस्था रहेको, गाउँपालिका क्षेत्र भित्र ठुलो क्षेत्रफलमा पर्याप्त ऐलानी, सरकारी, पर्ती, सार्वजनिक र सामुदायिक विद्यालय जग्गा रहेको, स्थानीय स्रोत साधनको पनि उपयोग हुने तथा स्थानीय स्तरमा रोजगारी सृजना हुने भएकोले समग्र विकासको दृष्टिकोणले भोक्राहा नरसिंह गाउँपालिका क्षेत्र भित्र उक्त बिशेष आर्थिक क्षेत्र निर्माण गर्न उपयुक्त हुँदा यस पालिका भित्र विशेष आर्थिक क्षेत्रको स्थापना गर्ने ब्यवस्थाका लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

८. सरकारी, सार्वजानिक, ऐलानी, पर्ती, गौचर जग्गाको विवरण भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयबाट माग गरी सरकारी सार्वजनिक जग्गाको संरक्षण गर्ने निर्णय गरियो ।

९. गाउँपालिका क्षेत्र भित्र रहेका ब्याबसायिक फर्महरुको ब्याबसाय दर्ता/नविकरण गर्ने निर्णय गरियो ।

१०. गाउँपालिका क्षेत्र भित्र रहेका संघ, संस्था, सहकारीलाई गाउँपालिकामा सूचिकृत गर्ने निर्णय गरियो ।

११. शैक्षिक क्षेत्र सुधारका लागि कार्यपालिकाबाट महिला, दलित, आदिबासी, शिक्षा क्षेत्रमा ख्याती प्राप्त स्थानीय बुद्धजिवीको समेत सहभागिता हुने गरी ७ सदस्यीय उच्च स्तरीय शैक्षिक सुधार कार्यदल गठन गर्ने । उक्त कार्यदलले पालिका क्षेत्र भित्रका ४० वटै शिक्षण संस्थाको अनुगमन निरीक्षण गरी सम्बन्धित सरोकारवालाहरुसँग अन्तर्क्रिया छलफल गरी सुझाव सहितको प्रतिवेदन उपलब्ध गराउने । उल्लेखित प्रतिवेदनको आधारमा अध्यक्ष शैक्षिक सुधार कार्यक्रम मार्फत १ वडा १ सुधारिएको विद्यालयको अवधारणा लागु गर्ने निर्णय गरियो ।

१२. देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

| सार्वजनिक लेखा समिति | | | |
|---|---|---|---|
| क्र.सं. | नाम | पद | जिम्मेवारी |
| १ | धर्मनाथ भगत | कार्यपालिका सदस्य | संयोजक |
| २ | जरिना प्रविण | कार्यपालिका सदस्य | सदस्य |
| ३ | रामेश्वर खत्वे | कार्यपालिका सदस्य | सदस्य |
| ४ | विमला मोची | कार्यपालिका सदस्य | सदस्य |
| ५ | विज्ञान बंजारा | आन्तरिक लेखा परीक्षक | सदस्यसचिव |
| विधायन समिति | | | |
| १ | हारुण अंसारी | वडाध्यक्ष | संयोजक |
| २ | कमला परियार | वडा सदस्य | सदस्य |
| ३ | किशोरी मंडल | वडा सदस्य | सदस्य |
| ४ | राधा उराँव | वडा सदस्य | सदस्य |
| ५ | बसन्त प्रभा खनाल | अधिकृत छैटौं प्रशासन | सदस्य सचिव |
| सुशासन समिति | | | |
| १ | रामेश्वर खत्वे | कार्यपालिका सदस्य | संयोजक |
| २ | जरिना प्रविण | कार्यपालिका सदस्य | सदस्य |
| ३ | विमला मोची | कार्यपालिका सदस्य | सदस्य |
| ४ | रीता परियार | वडा सदस्य | सदस्य |
| ५ | रमेशचन्द्र तिम्सिना | शिक्षा अधिकृत | सदस्य सचिव |

१३. करारसेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ मा भएको कानूनी ब्यवस्था बमोजिम करार सेवामा कार्यरत कर्मचारीहरुको ब्यवस्थापन गर्ने निर्णय गरियो ।

१४. निजामती सेवा ऐन, २०४९ निजामती सेवा नियमावली, २०५० स्थानीय सरकार संचालन ऐन, २०७४ मा अस्थायी कर्मचारी सम्बन्धी कानूनी ब्यवस्था नरहेकोले स्थायी र करार सेवामा मात्र कर्मचारी ब्यवस्थापन गर्ने निर्णय गरियो ।

१५. भोक्राहा नरसिंह गाउँपालिकाको गाउँसभाको १२औं बैठकबाट पारित कर दस्तुर शुल्कहरु २०७० श्रावण १ गते देखि लागु हुनेछ । उक्त कर दस्तुर शुल्कहरु संघीय सरकार र प्रदेश सरकारको कानूनसँग बाझिन गएमा कार्यपालिकाबाट तत्काल संशोधन गरी सच्याएर लागु गरिनेछ ।

१६. भोक्राहा नरसिंह गाउँपालिकालाई आवश्यक पर्ने ऐन, नियम नियमावली उपनियम विनियम कार्यविधि निर्देशिका लगायत कार्यपालिकाबाट पारित गरी लागु गर्न सकिनेछ ।

१७. भोक्राहा नरसिंह गाउँपालिका अन्तर्गतका जन निर्वाचित पदाधिकारीहरुलाई प्रदेश सरकारले तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।

१८. भोक्राहा नरसिंह गाउँपालिका र अन्तरगतको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई आ.ब. ०७८/०७९ मा तोकिए अनुसारकै संचार खर्च र इन्धन सुविधा उपलब्ध गराइनेछ ।

१९. नेपाल सरकारको २०७९/०८० को बजेट बक्तब्यमा उल्लेख भए अनुसार यस कार्यालय र मातहतको कार्यालयमा कार्यरत कर्मचारीको तलब बृद्दधि गर्ने निर्णय गरियो ।